## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | दीर्घ नारायण कोईराला र गिता कोईराला पौडेल (मुद्दा नं. ०८०-CR-००८५)<br>फैसला मिति २०८१।०३।३० | गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको । | • प्रतिवादी दीर्घ नारायण कोईरालाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा बिगो रू.१,२५,९६,३५३।५५ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त विगो जफत हुन माग दावी लिई आरोप पत्र दायर गरिएको देखिन्छ।<br>• प्रतिवादी दीर्घ नारायण कोईरालाले आफ्नो श्रीमती प्रतिवादी गिता कोईराला पौडेलको नाममा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ती राखेको देखिएको हुँदा निजको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोप पत्र दायर गरिएको देखिन्छ । | • प्रतिवादी दीर्घ नारायण कोइरालाको समग्र जाँच अवधि भित्रको आय तथा व्यय गणना गर्दा जम्मा व्यय रु.१,४०,३९,७४३।३३ देखिएको र वैधानिक आय जम्मा रु.१,३३,७४,०६३।२० देखिएकोमा वैधानिक आयले नखामेको जम्मा रु.६,६५,६८०।१३ मात्र देखिन आएकोले सम्मानित सर्वोच्च अदालतबाट युवराज शर्मा वि. नेपाल सरकार भएको मुद्दामा मिति २०७९।०३।२८ मा प्रतिपादित मान्य सिद्धान्त समेतका आधारमा सो नपुग आय विगोको दश प्रतिशत भन्दा घटी रहेको अवस्था हुँदा प्रतिवादीले गैरकानूनी सम्पत्ति आर्जन गरेको नदेखिंदा प्रतिवादीले आरोपदाबीबाट सफाई पाउने ठहर्छ। | १) **मुद्दाको संक्षिप्त तथ्यः**-डिभिजन वन कार्यालय, रासी मनहरीमा कार्यरत डिभिजनल वन अधिकृत दीर्घ नारायण कोईराला समेतले चिउरी प्रशोधन उद्योग स्थापना लगायत राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको क्रममा स्थानीय तहसँगको सहकार्यमा चेपाङ समुदायबाट उत्पादित चिउरीको बियाँ प्रशोधन गर्ने मेसिन खरिद गर्ने कार्य र भवन निर्माणकार्यमा आर्थिक अनियमिता गरेको हुँदा कारबाही गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज दीर्घ नारायण कोईराला मिति २०४६।०२।०२ रेन्जर पदमा नियुक्ति भई विभिन्न कार्यालयमा कार्यरत रही हाल डिभिजनल वन अधिकृतको पदमा कार्यरत रहेको र निजले यस आयोगमा सम्पत्ति विवरण फारम बुझाएको मिति २०७८।११।१२ सम्म निजको उक्त सेवा अवधिमा जम्मा वैध आय रू.८१,८६,९९६।३१ (एकासी लाख छयासी हजार नौ सय छयानब्बे रूपैंया एकतिस पैसा ) देखिएको र सो अवधिमा निजको खर्च तथा लगानी रू.२,०७,८३,३४९।८५ (दुई करोड सात लाख त्रियासी हजार तिन सय उनान्चास रूपैंया पचासी पैसा) दखिन आई निजले रू.१,२५,९६,३५३।५५ (एक करोड पच्चिस लाख छयानब्बे हजार तिन सय त्रिपन्न रूपैंया पचपन्न पैसा) गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी गिता कोईराला पौडेलको नाममा समेत राखेको देखिएको हुँदा निजहरु उपर भ्रष्टाचार कसूरमा विशेष अदालत समक्ष मुद्दा दायर भएको देखिन्छ ।<br>२) **विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय ब्ययको स्थितिको मूल्याँकन गर्दा आय तथा व्ययका निम्न शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ** :<br>• **प्रतिवादीको आय शिर्षक तर्फः**<br>• **पारिश्रमिक आय शिर्षकमा** आरोप दावीमा निज दीर्घ नारायण कोईरालाले सरकारी सेवा प्रवेश गरेको मिति देखि मिति २०७८ माघ मसान्तसम्म प्राप्त राष्ट्रिय किताबखाना (निजामती) को तलबी बिवरण अनुसारको वार्षिक तलब आयमा कर्मचारी संचयकोषमा कट्टी भएको १० प्रतिशत र नागरिक लगानी कोषमा जम्मा गरेको रकम घटाई खुद भुक्तानी प्राप्त आयमा चाडबाड खर्च, नियमित भत्ता समेत संलग्न गरी हुने कुल रकम रू.७०,७५,९००।०० मा जीवन निर्वाह खर्च कट्टा गरी बाँकी ७० प्रतिशत रकमले हुने जम्मा रू.४५,४१,८३५।९० लाई निजको पारिश्रमिक बचतमा गणना गरिएकोमा फैसलामा यस शिर्षकमा रु.४६,२६,६४१।९० कायम गरिएको देखिन्छ। फैसलामा पारिश्रमिक वचत आयमा चाडपर्व भत्ता जोडिएको नदेखिएको भनि थप आय कायम गरिएको देखिन्छ । नेपाल सरकारले निजामती कर्मचारीको लागी बर्षको १ पटक निजले मानी आयको चाडपर्व मनाउने प्रयोजनको लागी चाडपर्व खर्च दिएको र उक्त रकम निजले मानिआएको चाडपर्व मनाउने प्रयोजनको लागि उक्त रकम उपलब्ध गराउदै आएको हुँदा उक्त रकम चाडपर्वमा खर्च भएर जाने भएको हुँदा उक्त रकमलाई आय कायम गर्न मिल्ने होईन । तसर्थ खर्च भई जाने चाडपर्व खर्चलाई प्रतिबादीको आय समाबेश गरी बिशेष अदालतबाट भएको फैसला मिलेको देखिदैन। सम्मानित सर्बोच्च अदालतबाट समेत "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" (नेपाल सरकार वि. जय प्रकाश प्रसाद गुप्ता ने.का.प. २०६८ निर्णय नं. ८७२२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ, खुद खर्च भएर जाने आयलाई पनि बचत मानी प्रतिबादीको आय कायम हुने गरी गरेको प्रस्तुत फैसला सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई अनदेखा गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको देखिँदा त्रुटिपूर्ण छ ।<br>• **ब्याज वापत प्राप्त रकम शिर्षकको आयः** यस शिर्षकमा फैसलामा जम्मा रू.१३,०१,७६९।५० निजको आयमा गणना गरिएको देखिन्छ । निज दीर्घ नारायण कोईरालाले बैंक ब्याजवापतको आम्दानीलाई पनि आयमा दावी गरेको भएतापनि निजले बैंकमा राखेको रकमको मुलधन वैध थियो भन्ने पुष्टि समेत गर्न सकेको देखिँदैन । "बैंकमा राखेको रकमको ब्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने" (नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०) र "गैरकानूनी रु.पमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्धामा यो यस वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने" भनी नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२) सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्दान्त प्रतिपादन भएको समेतका आधारमा त्यस्ता रकम वैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा बैंक ब्याजलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्दान्त समेतको प्रतिकूल भई त्रुटिपूर्ण छ ।<br>• **कृषि आयः** यस आयोगका बरिष्ठ कृषि अर्थ बिज्ञले दिएको प्रतिवेदन अनुसार निज दीर्घ नारायण कोईरालाको नाममा रहेको जिल्ला स्याङ्जा भीरकोट न.पा. ०४ स्थित कि.न.२०५१, २०५४, २०५७, २०६२, २०६०, २०७८, २०७१, २०७२, २०७३, २०६५, २०७७, २०६७,२०८०, २४,१९६८,२०४८ र १०५१ भएको जग्गाहरुबाट जाँच अवधिको दौरान भएको खुद कृषी आय र निजको श्रीमती गीता पौडेल कोईरालाको नाममा रहेको चितवन भरतपुर न.पा. ७ क स्थित कि.न.१७५९, १७६१ र १३५७ भएको जग्गाहरुबाट जाँच अवधिमा जम्मा रू.९,१३,८३४।८६ कृषि उपजहरुबाट आम्दानी गरेको विज्ञ सहितको टोलीबाट भएको स्थलगत सर्जमिन मुचुल्का समेतबाट पुष्टि भएकोमा विना आधार अदालतबाट फैसलामा कृषि आय शिर्षकमा रू.१,०३,७०,७५१।०० कायम गरेको त्रुटिपूर्ण छ।<br>• **ऋण शिर्षकमा** निजले पेश गरेको गरेको सम्पत्ति बिवरण फाराम र बयानमा मिति २०७५/०२/०१ गते वासुदेव भट्टराईसंग रू.७,००,०००।००, मिति २०७८/०३/१६ गते बिष्णु प्रसाद पौडेल संग रू.५,००,०००।००, मनोज परियारसँग २०७७।५।१४ मा रु.१००,०००।००, सुनिल भट्टराई सँग मिति २०७७।११।१८ गते रु.५०,०००।०० र बिनोद कुमालसँग मिति २०७७।१२।२० गते रु.१,००,०००।०० सापटी लिएको भनी दाबी लिएता पनि उक्त रकम लेनदेन गरेको ऋण सापटी लिएको बिश्वासयोग्य प्रमाण प्राप्त नभएको, निजले राष्ट्रिय किताबखाना(निजामती)मा आ.ब.२०७७।७८ सम्म पेश गरेको गरेको सम्पत्ति बिवरण फाराममा समेत ऋण सापटी "छैन" भनी उल्लेख गरेको, पेश गरेको सापटीको कागजमा ऋणसापटी लिएको मिति र कागज गरेको मिति फरक रहेको र उल्लेखित सापटीको रकममध्ये हालसम्म कुनै पनि साँवा तथा ब्याज फिर्ता नगरेको (निजले पेश गरेको गरेको सम्पत्ति बिवरण फाराम र बयानमा समेत उल्लेख), नागरिक लगानीकोष र कर्मचारी संचयकोषबाट सापटी लिन सक्ने सुबिधा भएको र सो सुबिधा प्रयोग नगरिएको कारणहरु देखिएकाले आरोपपत्रमा उल्लेखित ऋण सापटी लिएको रकम निजको आयमा गणना नगरिएकोमा विना आधार प्रमाण फैसलामा उक्त शिर्षकमा रु.१,००,०००।०० निजको आय कायम गरिएको त्रुटीपूर्ण छ ।<br>• प्रतिवादीले आफ्नो तथा श्रीमति छोरी समेतको **टिकाटालो, उपहार वापत** प्राप्त भनि अश्वभाविक रकम आम्दानी प्राप्त गरेको भनी आय दावी लिएकोमा फैसलामा निजको सो आय शिर्षकमा जम्मा रु.३,२८,०००।- गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा आय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • **<u>प्रतिबादीको व्यय शिर्षक तर्फ-ः</u>**<br>• **घर निर्माण खर्चः** निज दीर्घ नारायण कोईरालाले आयोगमा पेश गरेको गरेको सम्पत्ति विवरण फाराममा मिति २०७६ फागुन देखि २०७८ असार सम्म गीता कोईरालाको नाममा दर्ता कायम रहेको जिल्ला चितवन, भरतपुर ०९, स्थित कि.नं. ४२६, क्षेत्रफल ०-१-१ भएको जग्गामा ३ तले घरको निर्माण गरेको उल्लेख गरेको र निजले बयानको सवाल नं. २८ मा र निजको श्रीमती गीता पौडेल कोईरालाले बयानको सवाल नं. ११ मा समेतमा यो कुराको पृष्टाई गरेको देखिन्छ । यस आयोगका बिज्ञ मुल्यांकन कर्ताहरुबाट प्राप्त पत्र सहितको लागत मुल्यांकन प्रतिबेदन अनुसार मिति २०७६।११।१५ मा निर्माण ईजाजत लिई गीता कोईरालाको नाममा दर्ता कायम रहेको जिल्ला चितवन, भरतपुर ०९, स्थित कि.नं. ४२६, क्षेत्रफल ०-१-१ भएको जग्गामा ३ तले घरको निर्माण गर्दा लागेको जम्मा रु.१,०६,९१,११५।५२ यसमा घर निर्माणमा लागेको खर्च तथा खरिद गरिएका ईलेक्ट्रिकल उपकरण र फर्निसिङ सहितको व्यय समावेश गरिएकोमा फैसलामा सो ब्यय शिर्षकमा जम्मा रु.३९,४७,५०९।- गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ ।<br><br>• अतः अतः माथि बिबेचित प्रतिबादीको तलव भत्ता, घर जग्गा खरिद, घर निर्माण लागत, बैंकको तथा वित्तिय संस्थाको ब्याज, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट यी प्रतिवादी दीर्घ नारायण कोईरालाले सार्वजनिक पद धारण गरेको उक्त सेवा अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रू.१,२५,९६,३५३।५५ वरावरको सम्पत्ति आफ्नो र एकासगोलकी पत्नी प्रतिवादी गिता कोईराला पौडेलको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले प्रस्तुत फैसला उपरसर्वोच्च अदालतमा पुनरावेदन गरिएकोछ। |